जिल्ला सरकारी वकील कार्यालय बागलुङका जिल्ला न्यायाधिवक्ता लालप्रसाद लामिछानेबाट जिल्ला प्रहरी कार्यालय बागलुङको मिति २०७८।०४।३१मा निरीक्षण गरि देहाय बमोजिम गर्ने गरी निर्देशन दिईयो ।

१. निरक्षणको क्रममा पेण्डिङमा रहेका जघन्य प्रकृतिका (२०बर्ष हदम्याद भएका) मुद्दाहरु ३३ र सामान्य प्रकृतिका (दुईबर्ष हदम्याद भएका) ११० मुद्दाहरु रहेको पाईएकोमा सामान्य प्रकृतिका पेण्डिङ मुद्दाहरुको संबन्धमा अनुसन्धानको कारबाही अगाडी बढाई समयमानै हदम्याद पुग्ने म्याद भन्दा कम्तिमा ६ महिना अगावै निकासाको लागी जिल्ला सरकारी वकील कार्यालय, बागलुङमा पेश गर्ने । जघन्य प्रकृतिका पेण्डिङमा रहेका मुद्दाहरुको संबन्धमा समेत अनुसन्धानको कारबाही तत्काल अगाडी बढाई राय सहितको प्रतिबेदन सहित निकाशाका जिल्ला सरकारी वकील कार्यालयमा पेश गर्ने ।

२. सवारी ज्यान लगायतका पेण्डिङमा रहेका अधिकाशं मुद्दाहरुको अनुसन्धानको कार्य लगभग पुरा भएको देखिएका हुँदा पेण्डिङमा राखी रहनु पर्ने अबस्था नरहेको हुँदा अनुसन्धान कार्य सम्पन्न गरी तत्काल निकाशाको लागी पेश गर्नु होला ।

३. फरार प्रतिबादीहरु भएका मुद्दाहरुको हकमा संबन्धित निकाय संग आबस्यक समन्बय गरी खोजतलासको कार्यलाई प्रथामिकता दिनु पर्ने देखियो ।

४. मुद्दाको संख्या, फरार प्रतिबादीको नाम/हुलिया, मुद्दा दायर गर्न बाँकी हदम्याद समेत स्पष्ट रुपमा खुल्ने गरी लगत राख्ने ।

जिल्ला न्यायाधिवक्ता

जिल्ला सरकारी वकील कार्यालय
बागलुङ